<u>बाँझो जमिन उपयोग अभियान कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९</u>

१. **कार्यक्रमको उद्देश्यः** गाउँपालिका भित्र न्यूनतम एक वर्ष देखि बाँझो रहेका खेतीयोग्य जग्गाको उपयोग गर्ने।

२. **विनियोजित बजेटः** रु ३,००,०००।

३. **कार्यान्वयन विधिः** कृषि समुह, सहकारी, कृषि फर्म सञ्चालक उद्यमी कृषक, वैदेशिक रोजगारबाट फर्केका युवाहरु\समुह, युवा क्लब, आमा समुह वा गाउँपालिका आफैले कार्यान्वयन गर्न सक्ने ।

४. **कार्यान्वयन प्रक्रियाः** सूचना आव्हान (प्रथम पटकः ३० दिनको सूचना तत पश्चात आवश्यकतानुसार क्रमशः दोस्रो पटकः १५ र तेस्रो पटकः ७ दिनको सूचना)

५. **प्रस्तावना पेश गर्नु पर्नेः** आवेदकले अनुसूची-१ बमोजिमको प्रस्तावना पेश गर्नु पर्ने ।

६. **अनुगमन तथा छनौटको व्यवस्थाः** पेश भएका प्रस्तावनाहरुको स्थलगत अनुगमन गरी उपयुक्त प्रस्तावना छनौट गर्ने कार्य आर्थिक विकास समितिले गर्नेछ ।

७. **छनौटका आधारहरुः**

| **क.सं** | **आधारहरु** | **अंक भार** | **कैफियत** |
|---|---|---|---|
| १ | जग्गाको क्षेत्रफल | १० | न्यूनतम ..... सम्म ५ अंक र सो भन्दा बढी प्रति... १ अंक सहित अधिकतम १० |
| २ | जग्गाको अवस्थिति\उपयुक्तता | १५ | भू-बनोट, उर्भरता, जग्गाको प्रकार आदिको आधारमा अंक प्रदान गरिने |
| ३ | बजारको पहुँच | १५ | बजारको दूरी २ कि.मी. सम्म भए १५ अंक र सोभन्दा बढी भएमा १० |
| ४ | सडकको पहुँच | १५ | कच्ची सडक १०, ग्राभेल पक्की भए १५अंक |
| ५ | लागत साझेदारी | १० | कुल लागतको ५० प्रतिशत सम्म ५ र सो भन्दा बढी भएमा १० अंक |
| ७ | सिंचाइ सुविधा | १० | कच्ची कुलो र बर्षैभरी सुविधा भए ५, पक्की र बर्षैभरी सुविधा भए १० |
| ८ | परियोजना प्रस्तावना | १० | प्रस्तावनाको मूल्याङ्कनका आधारमा |
| ९ | वैदेशिक रोजगारबाट फर्केका युवा भएमा (४० वर्ष भित्रका) | ५ | ५ वर्ष भन्दा माथि भएमा ५ अंक र सो भन्दा मुनी भएमा प्रति वर्ष १ अंक |
| १० | लागत साझेदारी | १० | कुल लागतको २० प्रतिशत भन्दा माथि भएमा १० अंक र सो भन्दा कम भएमा ५ अंक |
| | **जम्मा** | १०० | |

८. **उपलब्ध गराइने रकमः** छनौट हुने कृषकलाई अधिकतम रु ६० हजारका दरले रकम उपलब्ध गराइनेछ ।

९. **आवश्यक कागजातहरुः** सम्बन्धित वडाको सिफारिस, खेती गरिने जग्गाको लालपुर्जाको फोटोकपि, नागरिकताको प्रतिलिपि, कार्यक्रमको प्रस्तावना, कृषकको प्रतिबद्धता पत्र ।

१०. **प्राविधिक सहयोगः** यस कार्यक्रममा आवश्यक पर्ने प्राविधिक सल्लाह, सुझाव र सहयोग गाउँपालिकाले उपल्बध गराउने सक्नेछ ।

११. **रकम असुल उपर गरिनेः** यस कार्यक्रम कार्यान्वन गर्ने कृषकले यो कार्यक्रम भन्दा अन्य प्रयोजनमा रकम खर्च गरेमा, दुरुपयोग गरेमा वा अनुदान प्राप्त गरी प्रस्तावना बमोजिमको कार्य नगरेमा त्यस्तो व्यक्तिबाट गाउँपालिकाले सरकारी बाँकी सरह रकम असुल उपर गर्न सक्नेछ ।

१२. **सम्झौताका शर्तहरुः**

- अनुसूची -२ बमोजिमको खेती गर्नुपर्ने,
- उपलब्ध रकम यस कार्यक्रमको उद्देश्य भन्दा अन्य प्रयोजनमा खर्च गर्ने नपाइने,
- कम्तिमा अनुदान प्राप्त गरे पछि न्यूनतम २ वर्ष खेति गर्ने र रकम दुरुपयोग गरेमा नियमानुसार कारबाही भोग्न तयार रहेको प्रतिबद्धता पत्र पेश गर्नु पर्ने,
- न्यूनतम ............................... क्षेत्रफलमा खेती गर्नु पर्ने,
- कम्तिमा १ वर्ष देखि कुनै पनि खेति नगरिएको बाँझो जग्गा हुनुपर्ने,

१३. **गाउँपालिकाले नै कार्यक्रम सञ्चालन गर्न सक्नेः** दफा ४ बमोजिम ३ पटकको सूचना आव्हान पश्चात पनि कुनै प्रस्तावना नपरेमा वा उपयुक्त प्रस्तावना नपरेमा गाउँपालिका आफैंले परियोजना सञ्चालन गर्न सक्नेछ। गाउँपालिकाद्वारा सञ्चालन गरिने परियोजनाका सम्बन्धमा देहय बमोजिम गरिनेछः

(क) लागत अनुमान सहित परियोजना प्रस्ताव निर्माण गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(ख) गाउँपालिका भित्रका बाँझो र उपयोगविहीन कृषि जमिन वा यस परियोजना सञ्चालन गर्न उपयुक्त जमिन लिजमा लिन सकिनेछ र लिजमा लिने जमिनको भाडा कार्यपालिकाले स्वीकृत गर्नेछ ।

(ग) यस परियोजना कार्यान्वयन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सुचिकृत भएका तर रोजगारी प्राप्त नगरेका व्यक्तिहरुलाई परिचालन गर्न सकिनेछ।

(घ) यस परियोजना सञ्चालनका लागि कार्यपालिकाले जनप्रतिनिधीहरु र कर्मचारीहरु कृषि प्राविधिक)हरु समेतसहितको विभिन्न समिति बनाई जिम्मेवारी बाँडफाड गर्न सकिनेछ । (

(ङ) उत्पादित उपजलाई कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका भित्रका अति विपन्न, आर्थिक वा सामाजिक रुपमा पिछडीएका नागरिकहरुलाई निशूल्क वा यसै परियोजनामा काम गर्ने शर्तमा विरतरण गर्न सक्नेछ ।

(च) उत्पादित उपजको बिक्री वितरणबाट भएको आय गाउँपालिकाको सञ्चितकोषमा जम्मा गरिनेछ ।

(छ) यस परियोजनाबाट हुने मुनाफाको निश्चित प्रतिशत रकम यस परियोजनामा खटिने कामदार, जप्रतिनिधिहरु वा कर्मचारीलाई कार्यपालिकाको निर्णयानुसार उपलब्ध गराउन सकिनेछ ।

(ज) गाउँ कार्यपालिकाले आवश्यकतानुसार परियोजना सञ्चालन सम्बन्धी अन्य प्रक्रिया र मापदण्ड तोक्न सक्नेछ ।

(झ) **मूल्य निर्धारणः** गाउँपालिका द्वारा सञ्चालित कार्यक्रमबाट उत्पादित कृषिजन्य उपजहरुको मूल्य निर्धारण गाउँ कार्यपालिकाले गर्नेछ ।

## अनुसूची-१
## कार्यक्रमको प्रस्तावनाको ढाँचा

प्रस्तावकको नामः                                         ठेगानाः

सम्पर्क नं-

१. प्रस्तावित कार्यक्रमको संक्षिप्त परिचयः (कार्यक्रम सञ्चालन गर्ने स्थान, जग्गाको प्रकार, क्षेत्रफल, जग्गा बाझो रहेको अवधि र कारण, जग्गामा गरिने खेतीको विवरण)

२. कार्यक्रमको उद्देश्यः

३. कार्यक्रमको विस्तृत प्रस्तावः

| क.सं | क्रियाकलाप | समयावधि | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गा जमिन खनजोत\तयारी | | | |
| २ | बिउ बिजन\औजार\ आवश्यक कृषि सामाग्रीहरुको खरिद तथा व्यवस्थान | | | |
| ३ | खेती लगाउने देखि गोडमेल र भित्र्याउने सम्मका कार्यहरु | | | |
| ३ | प्राविधिक परामर्श, राय, | निरन्तर | | |
| ४ | ढुवानी | | | बिक्री वितरण गर्नु परेमा समेत |
| | जम्मा | | | |
| | कृषकले व्यहोर्ने लागत | | | |
| | गाउँपालिकाले व्यहोर्ने लागत | | ६००००। | |

## अनुसूची-२

## सञ्चालन गर्न सकिने कृषि खेती

१. अन्नबाली

२. फलफूल

३. तरकारी खेती

४. पुष्प व्यवसाय (फूल खेती)

५. जडिबुटी

६. मसलाजन्य बालीः अदुवा, लसुन, बेसार

७. नगदेबाली